जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः ३१६ पृष्ठः ४ | २०८० चैत्र २९ गते विहीबार (Thursday 11 April 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## कृषि पेसा र मन्त्रालय दुवैलाई आकर्षक बनाउनु छः कृषि मन्त्री साह



सिरहा, २८ चैत्र। कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्वाला कुमारी साहले कृषिकै माध्यमबाट देश समृद्ध बन्न सक्ने जिकिर गरेकी छिन्। सिरहाको गोलबजार नगरपालिका २ गुरुधामस्थित कुम्भीखाडी साना किसान कृषि सहकारी संस्था लिमिटेडको ११ औं वर्षिक साधारणसभालाई सम्वोधन गर्दै देश विकासको लागि कृषिमा उचित लगानी आवश्यक रहेको बताएकी हुन्। देश विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनसक्ने अवस्था हुँदाहुँदैपनि कृषिमा उचित लगानी नभएको भन्दै मन्त्री साहले भनिन्, 'देश समृद्ध बनाउन कृषिको महत्वपूर्ण योगदान रहने बुझ्दाबुझ्दै पनि यो मन्त्रालय अनाकर्षक मन्त्रालयको रुपमा परिचित छ। कृषिमा लगानी वृद्धि गर्दै उत्पादकत्व बढाएर देश समृद्ध बनान र मन्त्रायलाई पनि आवर्षक बनाउन जरुरी छ।'

उनले स्थानीय र प्रदेश सरकारले पनि कृषिको दिगो विकासका लागि लगानी गर्नुपर्नेमा जोड दिए। सोही क्रममा उनले आफू प्रकृयाभन्दा कृषि क्षेत्रलाई आधुनिक, उत्पादनमुलक र व्यवसायीक बनाउन नीति निर्माणमा जोडदिने बताए। उनले भने, 'कृषि विकासको लागि हामीले धेरै काम गर्नु पर्ने छ। त्यसेको लागि सवैभन्दा पहिला नीति आवश्यक रहेकोले म प्रकृयामा भन्दा नीति निर्माणमा बढी जोड दिन्छु।' उनले कृषिमा आधुनिकीकरण गर्दै व्यवसायीक, उत्पादनशील बनाएर यो पेशा र बन्त्रालय दुवैलाई आकर्षक बनाउने सरकारको दायित्व रहेको बताए।

प्रतिनिधीसभा सदस्य लिलानाथ श्रेष्ठले कृषि पेसा र मन्त्रालय दुवै जोखिमपूर्ण रहेको बताए। उनले सरकारी उदासिनता र भरपर्दो सिंचाईको व्यवस्था नहुँदा कृषि पेसा जोमिमा परेको बताए। उनले व्यक्ति पिच्छे बोर्डिङ दिन सम्भव नरहेको भन्दै भरपर्दो सिंचाईको व्यवस्था गरिनु पर्नेमा जोड दिए। फरक प्रसङ्गमा पूर्व मन्त्रीसमेत रहेका श्रेष्ठले लिपुलेक, लिम्पियाधुरासहितको भारतले कब्जा गरेरको नेपाली भुमी फिर्ता गर्नुपर्ने बताए। उनले भने, 'भारतले कब्जा गरेको लिपुलेक, लिम्पियाधुरा सहितको नेपाली भूमी सरकाले तत्काल भारतसँग बार्ता गरेर गरेरको भूमी तत्काल फिर्ता गर्नुपर्छ।'

-बाँकी तीन पेजमा

## आज ईद पर्वको सार्वजनिक बिदा

काठमाडौं, २८ चैत्र। इस्लाम धर्मावलम्बीहरूको पर्व ईद-उल फित्र (ईद) को अवसरमा सरकारले भोलि बिहीवाका लागि सार्वजनिक बिदा दिएको छ। २०७९ सालको चैत २ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार विहीबार सार्वजनिक बिदा दिने निर्णय गरेको गृह मन्त्रालयले जनाएको छ। ईदको बिदा राजपत्रमै प्रकाशित भए पनि मिति भने हरेक वर्ष इस्लाम धर्मगुरुहरूले ईद मनाउने मिति तय गरेपछि मात्रै यकिन हुन्छ। इस्लाम धर्मावलम्बीहरूले रमजान महिनाको ३० दिनको 'रोजा' व्रत आज पूरा गर्दै भोलि 'ईद उल-फित्र' मनाउने भएका छन्। केही मुस्लिमले 'ईद उल-फित्र' को नमाज मस्जिदमा र केहीले 'इदगाह' मा सामूहिक भेला भई दुई रिकात नमाज पढेर सम्पन्न गर्छन्। नमाज पूरा गरेपछि एकअर्कालाई अंकमाल गरेर बधाई साटासाट गर्छन् भने घरमा विभिन्न परिकार पकाएर खाने गर्दछन्। रमजान महिना उर्दू पात्रोअनुसार नवौँ महिना हो। यो पर्वको ७० औँ दिनमा बकर ईद अर्थात् 'ईद उल-अजहा' पर्व मनाउने गर्दछन्। यस अवसरमा मुस्लिमहरू 'हज' का लागि साउदी अरेबियाको मक्का मदिना जाने पनि गर्दछन् ।

## प्रिन्सको हत्यामा संलग्न अर्जुन पटके अपराधी

जनकपुरधाम, २८ चैत्र। जनकपुरधाममा छुरा प्रहार गरी युवकको हत्या गरेको आरोपमा पक्राउ परेका अर्जुन साह पटके अपराधी रहेको खुलेको छ। गत सोमबार पौने १ बजे दिउँसो जनकपुरधामको विश्वकर्मा चोकनजिक महोतरी एकडरा गाउँपालिका-३ भटोलियाटोलका २० वर्षीय प्रिन्स महासेठको छुरा प्रहार गरी हत्या भएको थियो। उनको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले जनकपुरधाम उपमहानगर-४ का २२ वर्षीय अर्जुन भन्ने अजय साहलाई तत्कालै पक्राउ गरेको थियो।

पक्राउ परेका अर्जुनलाई धनुषा प्रहरीले सार्वजनिक गर्दै उनी पटके अपराधी भएको खुलेको बताएको छ। प्रहरी अनुसन्धानले अर्जुन विगत २०७२ सालयता पटक-पटक अपराधमा संलग्न भएको खुलेको छ। उनले 'यस क्षेत्रकाव दादा हुँ' भन्दै अपराध कर्म गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी रञ्जन अवाले बताए।

उनले भारती नाकामा लागूऔषध नाइट्रोभेट ट्याब्लेट, गाँजा र भाङ सेवन गर्ने गराउने र भनेको कुरा नमाने कुटपिट गर्ने गरेको पाइएको डीएसपी अवाको भनाइ छ। डीएसपी अवाका अनुसार अर्जुन पटकपटक अपराध गरेर पक्राउ परेको र जिल्ला प्रहरी कार्यालय धनुषाबाट मुद्दा चलाइएर पुर्पक्षका लागि कारागारसमेत चलान भएर छुटेका व्यक्ति हुन्। ६ वैशाखमा अर्जुन चोरी मुद्दामा पक्राउ परेर धनुषा जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जलेश्वर कारागार पठाइएपछि पछि छुटेका थिए। छुटेको केही समयपछि गत मंसिर ६ गते पुनः अपराधमा उनीमाथि जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेर अभद्र व्यवहार मुद्दामा चलाइएको थियो।

२०७८ मंसिर २१ गते उनीमाथि प्रहरीले सार्वजानिक शान्तिविरुद्धको कसुर मुद्दामा पक्राउ गरेर मुद्दा चलाएको थियो। २०७२ साउन ३२ मा उनीमाथि सार्वजानिक अपराधसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको डिएसपी अवाले बताए।

**बसबाट खसालेर प्रिन्समाथि छुरा प्रहार**

धनुषाका प्रहरी प्रवक्ता अवाका अनुसार गत सोमबार अर्जुन, मृतक प्रिन्स र रोशन कुमार जटही नेपाल भारत सीमा धनुषाको जटही पुगेको

-बाँकी तीन पेजमा




## कांग्रेस उम्मेदवारसँग मेयरमा हारेकी विमला कांग्रेसलाई नै हराएर बनिन् राष्ट्रियसभा उपाध्यक्ष

**रामप्रसाद आचार्य**



रूपन्देही, २८ चैत्र। नगरपालिका मेयरमा पराजित कपिलवस्तुकी विमला घिमिरे राष्ट्रियसभा उपाध्यक्ष बनेकी छन्। बुधबार भएको उपाध्यक्षको निर्वाचनमा घिमिरे कांग्रेस उम्मेदवार विष्णुदेवी पुडासैनीलाई पराजित गर्दै निर्वाचित भएकी हुन्। ५९ सदस्यीय राष्ट्रियसभामा ३९ मतसहित घिमिरे उपाध्यक्षमा निर्वाचित भएकी छन्। उनलाई नेकपा एमाले, माओवादी केन्द्र, जसपा र नेकपा एकीकृत समाजवादीका सांसदले मत दिएका हुन्। उपाध्यक्षकी अर्की प्रतिस्पर्धी कांग्रेसकी पुडासैनीले १६ मत मात्र पाइन्।

२०७६ सालमा भएको राष्ट्रियसभा सदस्य निर्वाचनमा घिमिरे लुम्बिनीबाट विजयी भएकी थिइन्। राष्ट्रिय सभा सदस्यको निर्वाचनमा ८ हजार तीन सय ३८ मत प्राप्त गर्दै उनले काँग्रेस उम्मेदवार गिरिजादेवी न्यौपानेलाई पराजित गरेकी थिइन्। कपिलवस्तुको वाणगंगा निवासी घिमिरेको जन्मस्थान भने अर्घाखाँची हो। घिमिरे सामन्ती प्रवृत्तिको विरोध गर्दै राजनीतिमा होमिइएकी थिइन्। बुवा भारतमा काम गर्ने र परिवारमा जेठो सन्तान भएपछि घरधन्दा पनि मिलाउनुपर्थ्यो। यस्तो थिचोमिचो हटाउनका लागि उनले स्कुल जीवनबाटै राजनीति सुरू गरेकी थिइन्।

पहाडको कष्टकर जीवनशैली टार्न बिमलाका बुबाआमा दिनप्रसाद घिमिरे र रुपकला मधेश

-बाँकी तीन पेजमा

# सम्पादकीय

## भ्रष्टाचारविरुद्ध नारावाजीको होड

केही महिना पहिले राजनीतिक दलका नेताहरू संविधानका उपलब्धिको रक्षा गर्ने र प्रतिगामी तत्त्वलाई टाउको उठाउन नदिने नारा लगाउने होडवाजीमा देखिन्थे। तिनीहरू नै अहिले भ्रष्टाचारका विरुद्ध चर्को नारा लगाउन त्यस्तै होडवाजी गरिरहेका छन्। सबैलाई थाहा छ यी सबै बेथिति र विकृतिबाट आजित नेपाली जनताको ध्यान केही समयका लागि पन्छाउन अपनाइएका रणनीतिमात्र हुन्। नत्र, भ्रष्टाचारमा आकण्ठ डुबेकाहरूले समेत लाजै नमानी भ्रष्टाचार समाप्त पार्ने  नारा लगाउने आँट गर्ने थिएनन्।

प्रमुख विपक्षी दल नेपाली कांग्रेसले गृहमन्त्री रवि लामिछानेमाथि लागेको सहकारीको बचत हिनामिनामा संलग्न रहेको आरोपको छानबिनको माग संसद्मा चर्काएको छ। सत्तारुढ दलका नेताहरूले कांग्रेसमाथि नै भ्रष्टाचारको आरोप लगाएर संसदीय छानबिनको मागलाई हल्का बनाउने रणनीति अपनाएको देखियो। भ्रष्टाचारको जुहारी चलिरहेकै समयमा नेपाली कांग्रेसका सांसद्ले सार्वजनिक पदमा रहेका व्यक्ति र तिनका परिवारको सम्पत्ति छानबिन गर्न प्रतिनिधि सभामा सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएका छन्। यस प्रस्तावबाट भ्रष्टाचार नियन्त्रणको बहसले संसद्मा आधिकारिक प्रवेश पाएको छ।

प्रस्तावमा संसदीय छानबिनको साटो 'उच्चस्तरीय आयोग' गठन गरेर छानबिन गर्न प्रस्ताव गरिएको छ। विपक्षी सांसदहरूको प्रस्ताव सामान्यतः छलफलको विषय नै बन्न पाउँदैन। यसपटक पनि कांग्रेस सांसदहरूको प्रस्तावमा छलफल हुने सम्भावना निकै कम छ। यथार्थमा संसद्का प्रमुख दलका नेताहरू नै भ्रष्टाचारको गहिरो र व्यापक छानबिनका पक्षमा हुनेछैनन्। उनीहरू नै देशमा व्याप्त भ्रष्टाचारका कारक हुन् भन्ने नेपाली जनताका सामु छर्लङ्गै छ। तिनको विलासी जीवनशैलीले नै यसलाई प्रमाणित जो गरेको छ।

भ्रष्टाचार नियन्त्रणका लागि संविधानले नै उत्तरदायी बनाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकाय प्रभावकारी हुने हो भने प्रचार पाखण्ड गरिरहनु नै पर्ने थिएन। तर, आफ्ना प्यादाहरू अख्तयारमा भरेर प्रमुख दलका नेताले संस्थाको साख नै समाप्त पारिदिए।

संवैधानिक संस्था र संयन्त्र कमजोर बनाएर भ्रष्टाचार नियन्त्रणका लागि 'दौडाहा' शैली अपनाउनु लोकतान्त्रिक विधि र प्रक्रियामा विश्वास नगर्नु हो। यस्ता आयोग यसअघि पनि गठन गरिएका थिए तर तिनको सुझाव कार्यान्वयन त टाढाको कुरा प्रतिवेदन सार्वजनिकसमेत गरिएन। तत्कालीन राजा ज्ञानेन्द्रले पनि एउटा 'शाही आयोग' गठन गरेर छानबिनका नाममा राजनीतिक प्रतिशोध सुरु गरेका थिए। धन्न, सर्वोच्च अदालतले त्यसलाई खारेज गरिदियो। अहिले आयोगको माग गर्दा सर्वोच्च अदालतले त्यतिबेला गरेको व्याख्यामा ध्यान दिएइको देखिएन।

सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराउने सांसदहरूको सदाशयतामा शङ्का छैन। तर, जाँचबुझ, छानबिनका प्रतिवेदनहरू सार्वजनिकसम्म नगर्ने अभ्यास र तजबिजी एवं अपारदर्शी  शासकीय संस्कार भएको शासनमा भ्रष्टाचार नियन्त्रणको प्रयास प्रचार पाखण्डमा सीमित हुने निश्चितै छ।

# अवधि नपुग्दै प्रहरीका इन्चार्ज सरुवा गर्दा संगठनमा के असर पर्छ ?

**राजेश भण्डारी**

काठमाडौं, २८ चैत्र। उपप्रधान एवं गृहमन्त्रीको रूपमा रवि लामिछानेको इन्ट्री भएलगत्तै सुन तस्करी जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन बुझायो। पूर्व न्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको १ चैतमा बुझाएको प्रतिवेदनलाई 'आधार' मानेर प्रहरीमा ठुलै 'उथलपुथल'को संकेत देखियो। प्रहरी महानिरीक्षकलाई राष्ट्रिय सुरक्षा परिषद्मा सरुवा गर्ने र नयाँ आईजीपी बनाउने 'चलखेल'बारे आईजीपी बसन्त कुँवर जानकार थिए। सीआईबीकी तत्कालीन प्रमुख किरण बज्राचार्यसहितका ४ जना प्रहरी अधिकृतहरूलाई निलम्बन गर्न गृहमन्त्रीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई दबाब दिए। ती सबै प्रयास श्याम ज्ञवालीलाई सीआईबीमा सरुवा गरेपछि रोकिएको छ।

तर, त्यही चलखेलका कारण तराईका ६ जिल्लाका प्रहरी उपरीक्षकहरू सरुवा भएका छन्। फागुन २ मा महोत्तरीमा पठाइएका श्याम कुमार राई र सर्लाहीमा पठाइएका दयानिधि ज्ञवाली ५१ दिनमा नै फिर्ता भएका छन्। आरती शाहको मृत्युपछि विश्वराज खड्कालाई फिर्ता बोलाएर धनुषामा पठाइएका प्रहरी उपरीक्षक मित्रबन्धु शर्मा ५ महिनामा फिर्ता भए। उनलाई तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले कार्तिक २३ मा उनलाई धनुषा पठाएका थिए। नेपालगञ्जमा हिन्दु मुस्लिम दङ्गा भड्किएपछि तनावपूर्ण अवस्थाको जिम्मेवारी समाल्न बाँकेमा पठाइएका एसपी सुवास चन्द्र बोहरा पनि ६ महिनामै सरुवा भएका छन्। उनलाई सरुवा गरेर बाँकेमा तुलबहादुर कार्कीलाई पठाइएको छ।

बारामा महेन्द्र खड्का, रौतहटमा दिलीप घिमिरे, सर्लाहीमा रवीन्द्र सिंह र महोत्तरीमा नकुल पोखरेललाई सरुवा गरिएको छ। धनुषामा भुवनेश्वर तिवारीलाई पठाइएको छ। तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले पठाएका एसपीहरूले 'राम्रो काम नगरेको' रिपोर्ट बुझाएर आईजीपी कुँवरले एसपीहरू सरुवा गर्न गृहमन्त्रीलाई भनेको गृह मन्त्रालयका अधिकृतहरू बताउँछन्। गृहका एकजना उच्च अधिकृत भन्छन 'मन्त्रीनिकट केही प्रहरी अधिकृतले दिएको सूची र आईजीपीको रिपोर्टिङको आधारमा एसपीहरू सरुवा भएका हुन्।' आफ्नो पद संकटमा पर्ने परिस्थिति देखेर आईजीपी कुँवर रक्षात्मक बनेका छन्। त्यसैले उनी नेकपा (एमाले)का अध्यक्ष केपी ओली र गृहमन्त्री रवि लामिछानेलाई खुसी पार्न लागिपरेको गृह मन्त्रालयका अधिकारीहरू बताउँछन्।

चैत २३ मा तराईका ६ जिल्ला र नुवाकोटका एसपीहरू सरुवा भएका हुन्। सुन तस्करी जाँचबुझ आयोगले कारबाही सिफारिस गरेपछि फिर्ता बोलाइएका नुवाकोटका प्रहरी उपरीक्षक सञ्जय सिंह थापाको ठाउँमा शान्तिराज कोइरालालाई पठाइएको छ। रवि लामिछानेले गृहको बागडोर समालेको १ महिनामा अवधि नपुग्दै एसपीहरू सरुवा भएका हुन्। प्रहरी नियमावली–२०७१ अनुसार इन्चार्ज भएर बस्ने प्रहरी अधिकृतहरूको सरुवा १ वर्षमा गरिन्छ। तर, अवधि नपुग्दै गरिने सरुवा र नीति विपरीत हुने बढुवाले संगठनमा अनिश्चितता पैदा हुने बताउँछन् पूर्व आईजीपी उपेन्द्रकान्त अर्याल। अर्यालले भने, 'सरुवा र बढुवा दुवै अनुमानयोग्य हुनुपर्छ, मनोगत रूपमा हुने निर्णयले राम्रो सन्देश जाँदैन।'

कार्यसम्पादन, इन्टीग्रिटी (निष्ठा) र आर्थिक कारण अपर्झट सरुवा गर्नुपर्ने भन्दै आईजीपीले गृहमन्त्रीलाई ब्रिफिङ गरेका छन्। धनुषाबाट सरुवा गरिएका मित्रबन्धुले कमाण्ड गर्न नसकेको आरोप छ। नेपालगञ्जमा सुवास बोहराले समन्वय गर्न नसकेको र बारामा कार्यरत एसपी काफ्लेसँग पनि समन्वय गर्ने क्षमता नभएको रिपोर्ट आईजीपीले गृहमन्त्रीलाई बुझाएका थिए। गृह मन्त्रालयका एकजना उच्च अधिकृत भन्छन्, 'सुरेश काफ्लेले टिमलाई विश्वसनीय तवरले परिचालन गर्न नसकेको प्रहरी प्रधान कार्यालयको विश्लेषण छ।' महोत्तरीमा श्याम कुमार राईले आर्थिक मोलाहिजा गरेको आरोप छ। सर्लाहीमा दयानिधि ज्ञवालीले सन्तोषजनक काम गर्न नसकेको आरोप लगाइएको छ। तर, ज्ञवालीले हुण्डी कारोबारीमाथि एक्सन लिन थालेपछि उनीहरूकै दबाबमा सरुवा गरिएको प्रहरी अधिकृतहरू बताउँछन्।

प्रहरी नियमावली अनुसार १ वर्षको अवधिमा प्रहरी अधिकृतहरूले गलत गरेमा कारबाही गर्न सकिने बताउँछन् पूर्व एआईजी राजेन्द्र सिंह भण्डारी। उनले भने 'गलत गरे कारबाही गर्न सकिन्छ तर, प्रहरीलाई गोजीको बस्तु बनाउनु हुँदैन।' राजनीतिक नेतृत्वले आफ्नो राजनीतिक दाउपेचका लागी प्रहरीलाई इस्तेमाल (प्रयोग) गर्ने प्रवृत्ति देखिएको भण्डारीले बताए। उनी भन्छन 'राजनीतिक नेतृत्वले प्रहरीलाई प्रयोग गर्ने प्रवृत्ति एकातिर अर्कोतिर प्रहरीमा नेतृत्वको अभाव छ।' सरुवामा राजनीतिक नेतृत्वले हस्तक्षेप गरेमा आईजीपीले अडान लिनुपर्ने बताउँछन् पूर्व गृहसचिव चण्डीप्रसाद श्रेष्ठ। रातोपाटीसँग उनले भने, 'मन्त्री सिस्टममा चल्नुपर्छ, आईजीपीले अडान लिनुपर्छ।'

**बढुवामा बालुवाटार र बालकोटको छाया**

चैत १४ मा ८ जना डीएसपीहरुलाई एसपीमा बढुवा गर्दा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीका पीएसओहरूले प्राथमिकता पाए। ओलीका व्यक्तिगत सुरक्षा अधिकृत भएर काम गरेका राजन लिम्बु र सन्तोष तामाङ बढुवा हुँदा उनीहरूसँगै सूचीमा १ नम्बरमा रहेका प्रदीप बहादुर क्षेत्री बढुवामा छुटे। त्यसबारे चासो राख्नेहरूलाई कार्यसम्पादन कमजोर भएका कारण क्षेत्री छुटेको भनेर आईजीपी बसन्त कुँवरले जवाफ दिने गरेका छन्। तर, बालकोटमा बस्ने ओलीलाई रिझाउन कुँवरले 'कांग्रेस निकट' भनेर क्षेत्रीलाई छुटाएका हुन्।

बालकोटनिकट भनेर चिनिने तामाङलाई चाहिँ कुँवरले बढुवा सूचीको ९ औँ नम्बरबाट माथि तानेर चौथो नम्बरमा बढुवा गरिदिए। प्रतिस्पर्धा सूचीको १२ औँ नम्बरमा रहेका विनोद घिमिरेलाई बढुवा गर्दा ६ नम्बर वरीयताका नारायण रंजितकार छुटे। इन्स्पेक्टरबाट डीएसपीमा १ नम्बरमा बढुवा सिफारिस भएका निर्मल पनेरु पनि ओली निकट हुन्। उनी पनि ओलीका पूर्व पीएसओ थिए। गृहमन्त्री रवि लामिछानेका स्वकीय सचिव दीपक बोहराले सिफारिस गरेका र ओली निकट अधिकृतहरू बढुवा हुँदा अन्य काबिल अफिसरहरूले बढुवामा अवसर पाएनन्।

नेतृत्वले संगठनको संस्थागत विकाशमा ध्यान दिनुपर्ने बताउँछन् पूर्व एआईजी भण्डारी। उनले भने 'समग्र बढुवाको प्रक्रियामा सुधार गर्नुपर्छ, प्रक्रियामा सम्झौता गर्नुहुँदैन।' एक नम्बर सूचीमा भएका अधिकृतलाई बढुवामा छुटाउनु अन्याय भएको पूर्व गृह सचिव श्रेष्ठले बताए। श्रेष्ठले भने–'यहाँ त आफ्ना मान्छेहरूलाई जोगाउने र माथि लैजानेबाहेक अरू कुरा हुँदैन।' नारायणकाजी श्रेष्ठ गृहमन्त्री हुँदा प्रहरी निरीक्षकबाट डीएसपीमा बढुवा गर्दा कार्यक्षमताको आधारमा गरिएको थियो। तर, सो भन्दा माथिल्लो दर्जामा वरीयता मिचिएन। यसपटक भने वरीयता नमिच्ने आफ्नो अडानबाट आईजीपी बसन्त कुँवर पछाडि हटेका छन्।

# वीरगन्जलाई मेडिकल हब बनाउन नीतिगत बन्देज छ

**जैनुद्दीन अन्सारी**

२०४२ सालमा नेपालमा काम गर्न आउँदा मेरो वीरगन्जमा मेरो पोस्टिङ भयो। त्यो बेला यहाँ डाक्टरको संटक देखेपछि मेडिकल कलेज स्थापना गर्ने सपना पलाएको थियो। त्यो बेला म एक्लैले डाक्टर, नर्स, सर्जनका रुपमा काम गर्नुपर्यो। मेडिकल कजेज भइदिए स्वास्थ जनशक्ति उत्पादन गर्न सकिन्थ्यो र त्यो नेपालका लागि पनि राम्रो काम हुन्छ भन्ने मलाई लाग्यो।

तर, त्यस्तो ठूलो प्रोजेक्ट वीरगन्जमा कसरी सुरु गर्ने भनेर म खोजी र अध्ययनमा लागेँ। वीरगन्जबाट चुनाव जित्नु भएको कृष्णप्रसाद भट्टराईलाई यसबारे प्रस्ताव राख्दा उहाँले सहयोग गर्न इच्छा देखाउनु भयो। उहाँकै उत्साहले गर्दा मेडिकल कलेज स्थापना गर्न सफल भइयो।

डाक्टर, नर्स, प्राविधिक लगायत स्वास्थ जनशक्ति उत्पादन गर्न र गुणस्तरीय एवम् गरिबका लागि सुलभ स्वास्थ सुविधा दिन यो संस्था सफल भएको छ। गरिबले पनि डाक्टर पढ्न सक्ने गरी मेडिकल कलेज बनाउने हाम्रो सधैँको लक्ष्य थियो। त्यसका लागि वीरगन्जका राजनीतिकर्मी र यहाँका सामाजिक संस्थाहरूबाट सहयोग पायौं। वीरगन्जलाई देश–विदेशमा मेडिकल शिक्षामा पहिचान दिलाउने यो नै पहिलो संस्था बन्यो। अझै पनि निजी क्षेत्रमा सबैभन्दा राम्रो मेडिकल कलेजका रूपमा परिचित छ।

हाम्रो मेडिकल कलेज कुनै बेला वीरगन्जको प्रख्यात पर्यटकीय स्थल थियो। यसको पूर्वाधार अन्य संस्थाकोभन्दा फरक र आकर्षक छ। नेपालको मेडिकल पर्यटनमा हाम्रो संस्थाको पनि योगदान छ। वीरगन्ज वा नेपालमा मेडिकल शिक्षाको उच्च संस्था छ भनेर देश–विदेशमा पहिचान दिन सक्नु हाम्रो विशेषता हो। यहाँ एक ताका युरोप अमेरिकाका विद्यार्थीहरू पढ्थे। स्वास्थ सेवामा वीरगन्जलाई सबै किसिमका सेवा सरल, सुलभ र सस्तोमा उपलब्ध गरायौं। हाल वीरगन्ज महानगरपालिकामा सबैभन्दा धेरै रोजगारी सिर्जना गर्नेमा संस्थामा नेसनल मेडिल कलेज अग्रपंक्तीमा छ। हाल प्रत्यक्ष रूपमा २ हजार र परोक्ष रूपमा ५ हजारलाई रोजगारी दिएका छौं।

सरकारले बीचमा केही समय विदेशी विद्यार्थी लिन बन्द गरिदिएको थियो। अब फेरि खुला गरेको हुनाले वीरगन्जका होटलहरू समेत अब पुनः चल्छन् भन्ने लागेको छ। वीरगन्ज सरकारलाई सबैभन्दा धेरै कर तिरेर हामीले आर्थिक सहयोग गर्दै आएका छौं। कोभिड महामारीका बेला कोभिड अस्पताल सुरु गर्ने हामी पहिलो संस्था थियौं, स्वास्थ मन्त्रालयसँग सम्झौता गरेर सो अस्पताल खोलेका थियौं। त्यसको पैसा हामीले अहिलेसम्म पाएका छैनौं। मधेश प्रदेशभर डिजास्टर व्यवस्थापन प्रणाली हामीसँग मात्रै छ।

हालै म काठमाडौंको नेसनल मेडिकल कलेज गएको थिएँ। त्यहाँ महानगरको सहयोगमा ६५ वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई उपचार खर्चमा सहुलियत दिने व्यवस्था रहेछ। उहाँहरूले ४० प्रतिशत मात्र खर्च गरे पुग्ने रहेछ। स्तन क्यान्सर आङ खस्ने समस्या भएकाले सित्तैमा उपचार पाउँदा रहेछन्। हामी पनि त्यस्तो कार्यक्रम सञ्चालन गर्न चाहन्छौं। वीरगन्ज महानगरको सहयोग प्राप्त भयो भने हेल्थ म्यानेजमेन्ट प्याकेज निर्माण गर्ने प्रस्ताव राख्न चाहन्छु।

हामी वीरगन्जलाई मेडिकल हब बनाउने सोचमा छौं तर धेरै बाधा झेल्नुपरेको अवस्था छ। चितवन, विराटनगर लगायत ठाउँहरुमा दुईभन्दा धेरै मेडिकल कलेज खुले तर वीरगन्जमा एकभन्दा बढी स्थापना हुन सकेका छैनन्। नेपाल सरकारले जुन नीति लिएको छ, त्यसले थप मेडिकल कलेज आउँछन् कि आउँदैनन्, यो मूल प्रश्न हो। अहिले स्वदेशी लगानीकर्तालाई बढावा दिने भन्ने सुनिन्छ तर यसको ठीक विपरित अभ्यास भइरहेको छ। मेडिकल एकुजेकसन कमिसनमा एमबीबीएस पढ्न १३/१४ हजारले परीक्षा दिनेमा ७ हजार हुन्छन्। उनीहरुका लागि जम्मा १९२५ वटा सिट छ। बीएससी नर्सिङमा पनि उस्तै हालत छ। परीक्षा दिने ८ हजार हुन्छन् भने उत्तीर्ण हुनेको संख्या ४ हजार छ। उनीहरुका लागि जम्मा १७२० सिट उपलब्ध छ।

पछिल्लो समय विदेशमा एमबीबीस पढ्न जानेको संख्या ७ सय छन् भने नेपालमा पढ्न चाहने विद्यार्थी ९०० छ भने उनीहरूका लागि ५ सय सिट छ। आठ महिनामा ८० अर्ब १४ करोड रूपैयाँ विदेशिएको छ। मेडिकल कलेजले जति विदेशी पैसा आर्जन गर्नुपर्ने हो, त्यो गर्न सकिरहेको छैन। किन ? किनभने सरकार नै ठूलो बाधक बनेको छ। निजीलाई बन्देज लगाइएको छ। अहिले जति पनि निजी मेडिकल कलेज छन्, यी सबै अबको पाँच वर्षमा कि त सरकारले लिन्छ कि बन्द हुन्छ।

हाम्रो नेसनल मेडिकल कलेज पनि बन्द हुन्छ। कसैले निजी मेडिकल कलेज चलाउन चाहन्छ भने उसले तीन सय बेडको अस्पताल तीन वर्षसम्म चलाउनुपर्छ। यो नियम सरकारका लागि भने लागू हुँदैन। यस्तो दुनियाँ यस्तो नियम कहीँ पनि छैन जहाँ सरकारको लागि एउटा र जनताको लागि अर्को व्यवस्था होस्। त्यस्तै, एउटा विश्वविद्यालयले पाँचभन्दा बढी मेडिकल कलेजलाई लाइसेन्स दिन नपाउने व्यवस्था छ। यसअनुसार सबैले पाँच वटालाई लाइसेन्स दिइसके, नयाँलाई कसले दिन ! यसको अर्थ, अब कसैले मेडिकल कलेज खोल्दैन। हामी विदेशीलाई चाहिँ लगानी गर्न आह्वयवान गरिरहेका छौं, तर स्वदेशीलाई लगानी गर्न दिइरहेका छैनौं। यसरी त शिक्षा–उद्योग कसरी चल्छ !

### कृषि पेसा र ...

कार्यक्रममा प्रदेशसभा सदस्य मनोज सिंह, सिरहा नगरपालिकाका मेयर नविन यादव, गोलबजार नगरपालिकाका प्रमुख श्यामकुमार श्रेष्ठ, उपप्रमुख मानतीसाह लगायतले मन्तव्य व्यक्त गरेका थिए। गोलबजार नगरपालिका वडा नम्बर २ का अध्यक्षसमेत रहेका सहकारीका अध्यक्ष सुकदेव सिंहको अध्यक्षतामा सम्पन्न साधारण सभाको उद्घाटन कार्यक्रमको सञ्चालन योगेन्द्र सिंह र स्वागत रेनुदेवी महतोले गरेका थिए।

**सबै शेयरधनीलाई प्रेसर कुकर प्रदान**

कुम्भीखाडी साना किसान कृषि सहकारी संस्था लिमिटेडले ११ औं वर्षिक साधारणसभाको अवसर पारेर आफ्ना शेयधनीहरुलाई प्रेसरकुकर प्रदान गरेको छ। संस्थाको शेयर बोनस कोषबाट ७ सय १३ जना शेयरधनीहरुलाई प्रसरकुकर प्रदान गरिएको संस्थाका प्रवन्धक संजय कुमार साहले जानकारी दिए।

### प्रिन्सको हत्यामा ...

बेला उनीहरुबीच विवाद भएको थियो। त्यहाँबाट फर्किने क्रममा जकपुरको विश्वकर्मा चोकमा अर्जुनले प्रिन्सलाई कठालो समातेर बसबाट रोडमा खसालेर कुटपिट गर्दै आफूले बोकेको चक्कु झिकेर प्रिन्सको छातीको बाँया भागमा प्रहार गरेका थिए।

त्यहाँबाट प्रिन्स र रोशन भाग भाग्न खोजेका थिए भने छुरा लागेका बेहोस भएका रोशनलार्य प्रादेशिक अस्पताल जनकपुर पुऱ्याउँदा चिकित्सकले मृत घोष्णा गरेका थिए। मृतक प्रिन्स स्वर्गीय लाल महासेठका छोरा हुन्। उनकी आमा सुमित्रा कुमारी साह जनकपुरमा फलफूलको व्यवसाय गर्दै छोरा हुर्काउँदै आएकी थिइन्। पत्राउ परेका अर्जुनमाथि कर्तव्यज्यान मुद्दामा अनुसन्धान भइरहेको डिएसपी अवाले बताए।

### कांग्रेस उम्मेदवारसँग...

झरे। २०४० सालमा २ छोरी १ छोरासहित अर्घाखाँचीको ढिकुराबाट कपिलवस्तुको कोपवा बसाइ सरेका हुन् घिमिरे परिवार। नयाँ ठाउँमा चिन्ने कोही थिएन। विपन्न र सामान्य मानिस हेपिएर बस्न बाध्य थिए। खेतबारीमा सिँचाइ गर्न अन्तिममा पालो पर्ने र महिलालाई दबाएर राख्ने प्रवृत्ति थियो।

त्यो समयमा राजनीतिमा महिला, घरका पनि रिसाउने समाजले स्वीकार नगर्ने। बाटोमा हिँड्यो कुरा काट्ने, यसलाई कसले बिहे गर्ला भन्दै होच्याउने। कम्युनिस्ट भने पछि वृद्धलाई मार्ने, धर्म मास्न आएकी, जातभात नमान्ने भन्दै टिका टिप्पणी गर्थे। तर, पनि उनी राजनीतिमै निरन्तर लागिरहिन्। एकपटक शिक्षक भइन्। सिद्धार्थ सामाजिक विकास केन्द्र संस्थामा जागिर पनि खाइन्। जागिरले राजनैतिकमा बाधा पुगेपछि एक वर्षमै राजीनामा दिएको उनका समकक्षीहरू बताउँछन्।

'दिदी पढ्दा पढ्दै राजनीतिमा होमिनु भयो। पढेर जागिर खानु होला भनेको नेता बनेर हिँड्नु भयो। पार्टी संगठन विस्तार अभियान चलेको थियो। यताउता गर्दा पढ्ने समय भएन। उच्च शिक्षा अध्ययन गर्न पाउनु भएन। २०४८ सालमा अनेमसंघको जिल्ला सचिव हुनु भयो,' भाइ प्रकाश घिमिरेले बताए।

उपाध्यक्ष घिमिरेले कपिलवस्तुका महिला आन्दोलनमा अग्रणी भूमिका खेकेकी उनी एमाले पोलिटब्युरो सदस्यको जिम्मेवारीमा छन्। उनी १८ वर्षको उमेरमा अखिल नेपाल महिला संघ ( अनेमसंघ) कोपवा गाउँ कमिटीको सहसचिव हुँदै राजनीतिक यात्रा सुरुवात गरेकी थिइन्। त्यसको १ वर्षपछि संघको जिल्ला सचिव भई काम गरेकी थिइन्। एमालेको नवौँ अधिवेशनमा केन्द्रीय सदस्यमा पराजित भएकी विमला दशौँ महाधिवेशनमा पोलिटब्युरो सदस्यको जिम्मेवारी पाएकी हुन्।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा बाणगंगा नगरपालिकाको नगरप्रमुखमा नेकपा एमालेबाट उम्मेदवार बनेर नेपाली कांग्रेसका उम्मेदवार मङ्गल प्रसाद थारुसँग ४ सय ६० मतले पराजित भएकी थिइन्। उपमेयरसहित ११ मध्ये ७ वडामा एमालेका उम्मेदवार विजयी हुँदा उनी पराजित भएकी थिइन्। त्यो वेला पार्टीभित्र अन्तर्घात गरी हराइएको चर्चा चलेको थियो। त्यसको २ वर्षपछि उनी राष्ट्रिय सभा सदस्य पदमा निर्वाचित भएकी थिइन्।

२०४७ सालमा अनेमसंघ हुँदै राजनीति प्रवेश गरेकी घिमिरे २०७८ सालमा नेकपा (एमाले) केन्द्रीय सदस्य निर्वाचित भएकी थिइन्। त्यस्तै उनी तत्कालीन नेकपाको केन्द्रीय सदस्य, २०६८ मा नेकपा एमालेको कपिलवस्तु जिल्ला कमिटी सचिव, २०६६ मा पार्टी जिल्ला कमिटी उप सचिव, २०६२ मा पार्टी जिल्ला कमिटी सचिवालय सदस्य र २०५९ मा जिल्ला कमिटी सदस्य भएर काम गरेकी थिइन्।

अनेमसंघमा रहँदा उनी जिल्ला कमिटी सचिव, पार्टी इलाका कमिटी सदस्य, अनेमसंघ जिल्ला सचिव भएर काम गरेकी थिइन्।

# बालबालिकालाई भनौं- आज हिंड्नुपर्छ

**आशिष गजुरेल, यातायातविज्ञ**



अहिलेका बालबालिकामा बालापान नै हराउँदै गएको हो कि जस्तो लाग्छ। न उनीहरु उन्मुक्त भएर खेल्छन्, न उफ्रिन्छन्, न दौडिन्छन्। जतिबेला पनि ल्यापटप, मोबाइलमा लिप्त हुन्छन्। यस्तो लाग्छ, उनीहरुलाई बुढ्यौलीले छोपिसकेको छ। अर्थात् जाँगर र जोश नै हराइसकेको छ। कतै जानुपरेमा गाडी खोज्छन्। मेरो छोराहरुकै कुरा गरौं न। 'कतै हिंड्न जाऔं बाबु' भन्यो भने गाडी चाहिन्छ। म उनीहरुलाई विकल्प दिन्छु, 'सार्वजनिक गाडीमा जाऔं न त।' उनीहरु अस्वीकार गर्छन्, 'अल्छीलाग्दो हुन्छ। असुविधा हुन्छ।' म भन्छु, 'साइकलमा जाऔं न त।' उनीहरु भन्छन्, 'साइकललाई सबैले हेप्छन्। बाटो दिंदैनन्।' म भन्छु, 'त्यसो भए हिंडौं। आफ्नै खुट्टा छँदैछ। फटाफट हिंड्न सकिन्छ। गजब हुन्छ नि।' तर उनीहरु यो सर्तमा राजी हुँदैनन्। उनीहरु त सुविधाजनक ढंगले निजी गाडीमै यात्रा गर्न चाहन्छन्। सम्भवतः यो धेरै अभिभावकको साझा भोगाइ होला। छोराछोरीलाई हिंडाउनु भनेको ठूलै प्राप्ति जस्तो हुन थालेको छ।

बालबालिकाहरु बढी सुविधाभोगी हुँदै गएका छन्। उनीहरु ओछ्यानमा पल्टिएपछि वा सोफामा उत्तानो परेपछि सकेसम्म उठ्न खोज्दैनन्। उठे पनि उफ्रिन, खेल्न खोज्दैनन्। अरू हिंड्न खोज्दैनन्। मानौं, नजिकमा विद्यालय छ भने हिंडेर जानु राम्रो हो। कतै किनमेल गर्न, घुमफिर गर्न पनि हिंडेर जानु राम्रो हो, यदि पायकको ठाउँ छ भने। तर बालबालिकाहरु छोटो दूरी छिचोल्न पनि गाडी चढ्न खोज्छन्।

**हराउँदै हिंड्ने संस्कृति**

उहिले उहिले हाम्रा पुर्खाहरु हिंडेर नै पूर्व-पश्चिम आउजाउ गरेको कथा सुनिन्छ। हुन त त्यसबेला सवारी साधनहरु थिएनन्। विकल्प नहुँदा हिंड्न बाध्य हुनुपर्ने हुन्थ्यो। आखिर जे भएपनि उनीहरु पैदल हिंडेकै कारण स्वस्थ भए, फूर्तिलो भए, तन्दुरुस्त र तगडा भए। किनभने हिंड्नु भनेको सम्पूर्ण व्यायाम हो। शरीरका लागि यसले समुचित व्यायाम पुग्छ। चिकित्सकहरु भनिरहेकै हुन्छन्, 'नियमित रुपले ४०-४५ मिनेट मात्र फटाफट हिंड्ने मान्छे धेरै किसिमको रोगबाट मुक्त हुन्छन्।' हिंड्दा क्यालोरी बर्न हुन्छ। मांसपेशीहरु र जोर्नी लचिलो हुन्छ। फोक्सो, मुटु जस्ता भित्री अंगहरुको कार्य सञ्चालनमा तीव्रता आउँछ। रक्तप्रवाह सहज हुन्छ। त्यसैले तन्दुरुस्ती र दीर्घायुका लागि हिंड्नु लाभदायक छ।

यी त भए स्वास्थ्यमा पुग्ने प्रत्यक्ष फाइदा। त्यसबाहेक हिंड्दा अनेक फाइदा छ। यसले पर्यावरण र प्रकृतिलाई फाइदा गर्छ। परोक्ष रुपमा भए पनि सवारीको चाप घटाउन योगदान पुग्छ। कतिपय मान्छे आपतकालीन अवस्थाका हुन्छन्, जसलाई छिटो भन्दा छिटो आफ्नो गन्तव्यमा पुग्नुपर्ने हुन्छ, उनीहरुलाई पनि यसले सहयोग गर्छ। जब हामी यी कुरा गर्न थाल्छौं मान्छेहरु टिप्पणी गर्छन्, 'एक जना मान्छे हिंड्दैमा वायुमण्डल स्वच्छ हुन्छ र ? प्रकृतिलाई फाइदा पुग्छ र ? गाडीको चाप घट्छ र ?' आवश्य पनि एक जना मान्छेको कारण यी सबै कुरा नहुन सक्छ। यद्यपि सुरुवात भनेको एक जनाबाटै हुने हो। हरेक गन्तव्यको यात्रा एक पाइलाबाट नै हुने हो। भनिन्छ नि, थोपा थोपा पानीले नै समुन्द्र बन्छ। हामी सबैले आ-आफ्नो तर्फबाट गर्न सक्ने सानो सानो सहयोगले नै ठूलो र दिगो योगदान पुग्ने हो।

त्यसैले हामीले आफ्ना बालबालिकालाई भनौं, आज त हिंड्नुपर्छ। चाहे पसल जाँदा होस् वा किनमेलमा। चाहे घुम्न निस्कँदा होस् वा आफन्तकहाँ जाँदा। सम्भव भएसम्म पैदल हिंड्न प्रेरित गरौं। पैदल हिंड्दैमा हाम्रो समय नष्ट हुने होइन। बरु, त्यस क्रममा हामीले कतिपय रचनात्मक कुराहरु गर्न सकिन्छ, कतिपय जुक्तिहरु निकाल्न सकिन्छ। त्यससँगै धेरै कुरा देख्न, भोग्न, बुझ्न सकिन्छ। यो पनि त जीवनका लागि अपरिहार्य र उपयोगी कुरा नै हो।

**संरचना पनि जरुरी**

खासगरी सहरी क्षेत्रमा सहज रुपले हिंडडुल गर्न कठिन छ। काठमाडौं खासै ठूलो सहर होइन। एक छेउबाट अर्को छेउमा पुग्न धेरै समय लाग्दैन। तर यहाँ हिंड्नका लागि उपयुक्त संरचना नै छैन। फुटपाथ व्यवस्थित छैन। फराकिलो छैन। सुरक्षित छैन। त्यहाँ पनि गाडी पार्किङ गरिन्छ, पसल थापिन्छ, गिटी-बालुवा थुपारिन्छ। यदि सहरका छेउकुनामा फुटपाथको राम्रो व्यवस्था हुने, त्यसका आसपासमा फूल बगैंचा वा बोट बिरुवा हुने, ठाउँठाउँमा पिउने पानीको व्यवस्था गरिदिने, शौचालय बनाउने गरे धेरै मान्छे हिंड्ने थिए। उनीहरुसँगै बालबालिका पनि हिंड्ने थिए। यसरी हिंड्ने संस्कार नै विकास हुने थियो। फुटपाथ बनाउनु भनेको सहरलाई सुन्दर देखाउनु मात्र होइन, एउटा राम्रो संस्कृतिको उद्गाटन गर्नु पनि हो।

# छिमेकीबीच जग्गाबारे विवाद हुँदा तरबार प्रहार, दुई घाइते

**चुमन बस्नेत**

मोरङ, २८ चैत्र। विराटनगर महानगरपालिका-१४ जतुवा (रेल्वे पूर्व) स्थित मकैबारीमा लुकेर बसेको समूहले गरेको तरबार प्रहारबाट दुई जना घाइते भएका छन्। विराटनगर-१४ का ४० वर्षीय शन्तलाल यादव र ३७ वर्षीय प्रकाशकुमार यादवलाई सोही ठाउँका ४० वर्षीय खुलेश्वर यादवसहितको समूहले आक्रमण गरेको मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीले जानकारी दिए। उनका अनुसार खुलेश्वरसहित ५/७ जनाको समूहले शन्तलाल र प्रकाशलाई धारिलो हतियार प्रहार गरी घाइते बनाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। दुवै समूहबिच झडप हुँदा खुलेश्वर समूहको हतियार प्रहारबाट शन्तलालको दुवै हातमा गहिरो चोट छ। उनको देब्रे हातको एउटा औँलाको आधा भाग काटिएको छ।

उनको विराटनगरको न्यूरो अस्पतालमा सुरुवातमा उपचार गरिएको थियो। औँलाको नशामा असर पुगेको कारणले उनको 'भास्कुलर सर्जरी' गरिनुपर्ने भएकोले थप उपचारका लागि बुढीगंगास्थित विराट टिचिङ अस्पताल लगिएको एसपी कार्कीले बताए। अर्काका घाइते प्रकाशको पनि हातमा चोट लागेको र उनको न्यूरो अस्पतालमा उपचार भइरहेको छ। शन्तलाल र प्रकाशमाथि आक्रमण गर्ने भनिएको खुलेश्वर पनि घाइते भएका छन्।

उनको कोशी अस्पतालमा उपचार भइरहेको बताउँदै, एसपी कार्कीले भने, 'दुई पक्ष झडप हुँदा दुई जनामाथि धारिलो हतियार प्रयोग भएको देखिन्छ। झडप हुँदा खुलेश्वर पनि घाइते भएका हुन्। चिकित्सकका अनुसार तीनै जना सामान्य अवस्था छ। घटनाको सुरुवाती अनुसन्धानबाट पुरानो जग्गा विवाद रहेको देखिन्छ। दुवै पक्ष छिमेकी-छिमेकी हुन्। उनीहरुको पहिलेदेखि नै जग्गा सम्बन्धी विवाद हुँदै इप्रका रानीमा छलफल भइरहेको थियो।'

घटनामा संलग्न अन्यको खोजी कार्य तीव्र पारिएको छ। घटनाको थप अनुसन्धान भइरहेको बताउँदै, एसपी कार्कीले भने, 'घटनामा जोसुकै भए पनि अनुसन्धानको क्रममा संलग्नता देखिए कानुन बमोजिम कारबाहीको दायरमा ल्याइने छ। जग्गाको विवाद देखिए पनि विभिन्न कोणबाट अनुसन्धान सुरु गरेका छौं।' विराटनगर- १४ का पूर्व वडा अध्यक्ष बलदेव यादवको निर्देशनमा १० जनाको समूहले आक्रमण गरेको पीडित पक्षले आरोप लगाएका छन्। जग्गा विवादलाई लिएर आफूहरुलाई तरबार प्रहार गरेको उनीहरुले बताएका हुन्।

उनीहरुमाथि विराटनगर-१४ का जोगी भनिने योगी यादव, खुलेश्वर यादव, शंकर यादव, जयप्रकाश यादव, राजेश यादव, दीपेश यादव, विजो भन्ने विजय यादव, निलु यादव, रविन भन्ने शंकर यादव ( बलदेवका छोरा) को समूहले आक्रमण गरेको पीडितले आरोप लगाएका छन्। घाइतेमध्ये शन्तलालले पूर्व वडाअध्यक्ष बलदेवको घर छेउमा नयाँ घर बनाउँदै छन्। शन्तलालको पुरानो घर विराटनगर-१४ रेल्वेदेखि पूर्वमा छ। नयाँ (निर्माणाधीन) घर विराटनगर-१४ धरमबाँध रोडमा पर्छ। पुरानो घरबाट शन्तलाल र प्रकाश मोटरसाइकलमा चढेर बुधबार दिउँसो नयाँ घरतर्फ आउँदै थिए। घरदेखि करिब २ सय मिटर टाढा पुगेपछि बलदेवको मकैबारी हुँदै जाँदै गर्दा मकैबारीमा बसेका १० जनाको समूहले एक्कासि उनीहरुमाथि तरबारले आक्रमण गर्न थालेको बताएको छ।

तरबारले टाउकोमा प्रहार गर्दा हेलमेटमा लागेको र हेलमेटको केही भाग काटिएको बताउँदै, शन्तलालले भने, 'त्यसपछि त्यो समूहले हामी दुवै माथि प्रहार गर्दा जोगिनाका लागि छेक्ने क्रममा हातमा चोट लागेको हो। जग्गा विवादलाई लिएर पूर्व वडाध्यक्ष बलदेव यादवको निर्देशनमा उहाँकै मकैबारीमा हामीमाथि नियोजित रुपमा आक्रमण भएको हो। भागेर ज्यान जोगियो। मार्ने उद्देश्यले हमला गर्ने र निर्देशन दिने दुवैलाई कडा कारबाही प्रशासनले गर्नुपर्छ।'

बिहीबार नयाँ घरको पिलर ढलाइ रहेको र त्यहीँ हेर्न जाने क्रममा दुई जनामाथि सांघातिक आक्रमण भएको शन्तलालका आफन्तले बताए।

छोरीलाई विभेद नगरौं,
समाजलाई कमजोर नपारौं

# रमदानको अन्तिम दिन मुस्लिम बस्तीमा 'ईद'को चहलपहल



महोत्तरी, २८ चैत्र। हिजरी संवत्को रमदान (रमजान) महिना समापन भइरहँदा देशका अन्य भागका साथै महोत्तरीका मुस्लिम बसोबास बाहुल्य भएका बस्तीमा 'ईद'को चहलपहल सुरु भएको छ। रमदानभरि रोजा (व्रत, उपवास) बसेका मुस्लिम धर्मावलम्बी शव्वाल महिनाको पहिलो तारिखमै मनाइने ईद-उल-फित्र ( बोलीचालीमा ईद)को तयारीमा लागेपछि आज मुस्लिम बाहुल्य बस्तीमा रौनक बढेको हो। हिजरी संवत्को पात्रोअनुसार रमदान आज सकिएर भोलि बिहीबार शव्वाल महिना सुरु हुँदैछ। शव्वालको पहिलो दिन ईद मनाइन्छ। इस्लाम (मुस्लिम) परम्पराको मुख्य पर्व ईद मनाउन टाढाटाढा रहेका परिवारजन घर आएका छन्। भोलि मनाइने ईदका लागि सर्दाम जुटाउन लागिएको मटिहानी–८ नुरी बस्तीका २५ वर्षीय मोहम्मद इसराफिल राइन बताउछन्। हिजरी संवत्को पात्रोले आज रमदान सकिने उल्लेख गरे पनि इस्लाम परम्परामा सम्बन्धित क्षेत्रका अधिकारप्राप्त इमाम (धर्मगुरु)ले भरे साँझ द्वितीयाको चन्द्रमा देखिएको घोषणा गरेपछिमात्र भोलि ईद मनाउन बाटो खुल्ने भङ्गाहा–४ रामनगरका ५० वर्षीय सहबुल अन्सारीले बताए।

इस्लाम परम्परामा चन्द्रमास ( इस्लामिक पात्रोअनुसार) तालिकाअनुसार पात्रो बन्ने चलन छ। यसैले हिजरी संवत्का महिना सामान्यतया चन्द्रमा देखिने शुक्लपक्षको द्वितीया तिथिबाट सुरु हुन्छन्। इमामहरूका अनुसार हिजरी संवत् परम्परामा रमदान नवौं महिना हो। इस्लाम परम्परामा यसै महिनामा पवित्र कुरान पृथ्वीमा अवतरित भएको मानिन्छ। त्यसैले मुस्लिमहरू रमदान महिनामा दिनभरि केही नखाइ उपवास बसेर सद्विचार, सद्आचरण र सत्कर्ममा लागि रहन अल्लाह (ईश्वर) सँग पुकारा गर्छन्।

रमदान महिनाभरिको रोजा ( उपवास)को उत्सवमय समापन नै ईद भएको पाका इस्लाम धर्मावलम्बी बताउँछन्। ईदमा हुनेखानेले गरिबका लागि दान गर्छन्। दान जसलाई इस्लाम परम्पराले 'जकात' भन्छ, यो इस्लाम हुनुको कर्तव्य मानिने रामगोपालपुर–२ का महम्मद कादिर हुसैन बताउछन्। "इस्लामका पाँच आधारस्तम्भ सहादा (मुस्लिमपन्थको स्वीकारोक्ति), नमाज (प्रार्थना), रोजा (रमदान महिनाको उपवास), जकात (आफ्नो कमाइबाट गरिबलाई दिन छुट्याइने रकम) र हज (मक्काको तीर्थयात्रा) हुन्", हुसैन भन्छन्, "मक्का जाने कुरा आर्थिक अवस्थासँग जोडिने हुँदा स्वैच्छिक देखिन्छ, तर अन्य चार सबै मुसलमानका लागि अनिवार्य छन्।"

अहिले रमदान समापन हुन लागेका बेला प्रत्येक बस्तीमा कुरान वाचन भइरहको छ। महोत्तरीका सबैजसो बस्तीमा धेरथोर इस्लाम धर्मावलम्बी छन्। जिल्लाका सम्सी, जलेश्वर, मटिहानी, लोहारपट्टी, भङ्गाहा र बलवासहितका स्थानीय तहका धेरै बस्ती मुस्लिम बसोबास बाहुल्य छन्। ईदको चहलपहल सबैतिर भए पनि इस्लाम धर्मावलम्बी बसोबास बाहुल्यताका बस्ती अहिले ईदमय बनेका देखिनछन्।

# जसपाले नहटाएसम्म लोसपा मधेस सरकारबाट नहट्ने

काठमाडौं, २८ चैत्र। केन्द्रमा एक खालको समीकरण बनेर विभिन्न प्रदेशमा सोही अनुसार सरकार गठन प्रक्रिया अघि बढ्दा मधेसमा भने केही भिन्न परिदृश्य देखिएको छ। केन्द्रको सत्ता गठबन्धनमा नरहेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेस सरकारमा भने सहभागी भएको छ। लोसपा नेपालले मधेस सरकार छाडेको छैन र मुख्यमन्त्री सरोजकुमार यादवले पनि लोसपालाई सरकारबाट हटाएका छैनन्। कांग्रेस–माओवादीको गठबन्धन भङ्ग भएर एमाले, माओवादी केन्द्रसहितको नयाँ गठबन्धन बनेसँगै कांग्रेस भने मधेस सरकारबाट बाहिरिसकेको छ। त्यसअघि जनमत पार्टी मधेस सरकारबाट बाहिरिएको थियो।

लोसपाका वरिष्ठ उपाध्यक्ष एवं मधेस प्रदेश सभा सदस्य जितेन्द्र सोनलले भने, 'हालसम्म वर्तमान सरकारलाई हाम्रो समर्थन कायम छ तर सरकारको पर्फमेन्स राम्रो नदेखिएको कारण यसलाई निरन्तरता दिने कि नदिने भन्ने विषयमा पार्टीले निर्णय गर्न बाँकी छ।' मधेस प्रदेशका मुख्यमन्त्री यादवले वैशाख ३ गते विश्वासको मत लिँदैछन्। लोसपाले विश्वासको मत दिने कि नदिने भन्नेबारे निर्णय गरिसकेको छैन। यद्यपि नयाँ गठबन्धन बन्ने बित्तिकै मुख्यमन्त्री सरोजकुमार यादवले लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई भेटेर समर्थन मागेका थिए। अध्यक्ष ठाकुरले अर्को निर्णय नभएसम्म समर्थन कायम रहने जवाफ दिए मुख्यमन्त्री यादवलाई फर्काएका थिए।

उपाध्यक्ष सोनलले हाल लोसपाले मधेस सरकारलाई पुरानै समर्थनको निरन्तरताका रुपमा लिएको बताए। उनले भने, 'जसपाले लोसपालाई सरकारबाट हटाएको छैन, नयाँ गठबन्धन अनुसार विश्वासको मत पनि नलिएका कारण अहिलेसम्म हामीले पुरानै समर्थनलाई निरन्तरता दिएका हौं।' मधेस सरकारले राम्रो काम गर्न नसकेको जिकिर गर्दै उनले अब भने सरकारलाई समर्थन दिने कि नदिने भन्नेबारे सोच्न बाध्य बनाएको प्रस्ट पारे। सोही पार्टीका महासचिव मनिष मिश्रले जसपाले लोसपालाई अहिलेसम्म नहटाएको र हटन पनि नभनेका कारण लोसपाले समर्थन कायम राखेको बताए। वैशाख ३ गते विश्वासको मत दिने कि नदिने भन्नेबारे पार्टीले छिट्टै निर्णय गर्ने उनको भनाइ छ।

उनले भने, 'अहिलेको सरकार नयाँ गठबन्धनको सरकार होइन, पुरानै गठबन्धनको सरकार हो। त्यही सरकारमा एमाले र नेकपा एकीकृत समाजवादीलाई ल्याएको हो। नयाँ गठबन्धन अनुसार सरकार बनेपछि मात्र हामीले त्यो सरकारमा बस्ने कि नबस्ने भन्नेबारे निर्णय गर्छौं।' मुख्यमन्त्री यादवले वैशाख ३ गते विश्वासको मत लिएपछि मात्र नयाँ गठबन्धनको सरकार भनेर बुझिने उनको भनाइ छ। त्यसअघि पुरानै गठबन्धनको सरकार भएका कारण लोसपाले समर्थन कायम राखेको उनको तर्क छ। लोसपाबाट मधेस सरकारमा रमेश प्रसाद कुर्मी वन तथा वतावरण मन्त्री छन्।

# चैते दसैँमा गहवामाईको डोलीयात्रा हुने

**कन्हैयालाल केशरी**

पर्सा, २८ चैत्र। चैते दसैँमा वीरगन्जमा पहिलो पटक गहवामाई मन्दिर परिसरबाट गहवामाईको निसान (ध्वजा) सहितको डोलीयात्रा निस्कने भएको छ। महाअष्टमीका दिन वैशाख ४ गते सो डोलीयात्रा निस्कने बताइएको छ। गहवामाई मन्दिर वीरगन्जका लागि मात्र नभई समग्र मधेश प्रदेशसँगै छिमेकी मुलुक भारतको बिहारका दर्शनार्थीको आस्थाको केन्द्र र शक्तिपीठको रुपमा रहेकाले गहवामाईको प्रेरणाबाट डोलीयात्राको शुभारम्भ यस वर्षदेखि माईस्थान मन्दिर सञ्चालक समितिले गर्न लागेको समितिका अध्यक्ष नरेन्द्र साहले बताउनुभयो।

उहाँले असोजमा हुने दसैँको आफ्नै विशेष महत्व र धार्मिक महत्व र परम्परा छ, मुलुकभरि भव्यताका साथ मनाउने गरिन्छ। चैतेदसैँको पनि मधेश प्रदेशमा आफनै महत्व रहेकाले चैतेदसैँलाई भव्य बनाउन डोलीयात्राको आयोजना गरिएको छ। शक्तिपीठको रुपमा गहवामाइको पहिचान मुलुकभरि भएकाले दसैँ नयाँ वर्ष र अन्य धार्मिक उत्सव बाहेक दैनिक दुईदेखि तीन हजारको हाराहारीमा दर्शनार्थीहरु गहवामाईको दर्शन तथा पूजापाठ र भाकलअनुसारको प्रसाद चढाउने गरेको बताउनुभयो।

माईस्थान मन्दिर सञ्चालक समितिका सचिव कन्हैयालाल केशरीले निसानसहितको डोलीयात्रामा लगभग दश हजारभन्दा बढीको सहभागिता हुने आँकलन गरिएको छ। गहवामाईको नगर परिक्रमा गराएमा नगरवासीको सुखशान्ति, समृद्धि प्राप्त हुने जनविश्वास रहेकाले अपेक्षा गरिएभन्दा पनि बढी भक्तजन र माताका श्रद्धालुहरुको उपस्थिति हुनसक्ने बताउनुभयो। बिरगन्ज महानगरपालिकाका नगर प्रमुख गहवामाई मन्दिर वीरगन्जबासीको धरोहरको रुपमा रहेकाले मन्दिरको सौन्दर्यकरण गर्ने काम चरणबद्ध रुपमा भइरहेको जानकारी दिँदै अहिले जोसुकै भक्तजन मन्दिरमा जादाँ सोको अनुभूति गर्नसक्ने दाबी गर्नुभयो। मन्दिरका मूल पुरोहित राधेश्याम उपाध्यायले डोली तथा निसान पूजाको शुभसाइत वैशाख ४ गते दिउँसो २ बजे र डोलीयात्राको साइत अपरान्ह ४ बजे रहेको जानकारी दिनुभयो।

# नगर प्रमुखविरुद्ध पाँच करोडको भ्रष्टाचार मुद्दा

काठमाडौं, २८ चैत्र। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाही, बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। नगरप्रमुख थापाले स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा आयोगले मुद्दा दायर गरेको हो। प्रमुख थापाले गैरकानुनी रूपमा पाँच करोड ३३ लाख ५३ हजार एक सय ७९ सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो। नगरप्रमुख थापाले वि.सं.२०७४ असोजदेखि वि.सं.२०७९ माघसम्ममा सात करोड ८६ लाख ५० हजार अवैध तरिकाले कुल आम्दानी गरेको र यही अवधिमा१३ करोड २० लगानी तथा खर्च गरेको अख्तियारको भनाइ छ।

कुल आय तथा लगानी र खर्चबिचको तादात्म्य नमिलेको पाँच करोड ३३ लाख ५३ हजार एक सय ७९ अवैध तरिकाले आम्दानी गरेको अख्तियारका दाबी छ। यसैगरी आयोगले नगर प्रमुख थापाले श्रीमती रेश्मीकुमारी घिमिरे थापा, भाइ रामकुमार थापा र भाइबुहारी द्वारिका राउतका नाममा खरिद गरिएका घरजग्गा, विभिन्न कम्पनीमा गरेको लगानी, शेयर खरिद, जीवन बिमा प्रिमियम भुक्तानीमा भ्रष्टाचार गरेको रकम खर्च भएको उल्लेख गरेको छ।

# नेता साह आजपामा प्रवेश



काठमाडौं, २८ चैत्र। तत्कालीन सद्भावना पार्टीका सिराहा जिल्लाका अध्यक्ष तथा मधेसका नेता भरत प्रसाद साह आम जनता पार्टी ( आजपा)मा प्रवेश गरेका छन्। बुधवार राजधानीमा आयोजित एक समारोहका बिच उनी औपचारिक रुपमा आजपामा प्रवेश गरेका हुन्। उनलाई आजपाका अध्यक्ष प्रभु साहले पार्टीमा स्वागत गरेका थिए। सो अवसरमा साहले भरतलाई बधाई दिँदै थप उज्ज्वल राजनीतिक भविष्यको शुभकामना व्यक्त गरे।


## मुखको स्वास्थ्यमा ध्यान दिऔं

- दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

**नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, e-mail : marganugamidaily@gmail.com **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)